# महालेखापरीक्षकको
# वार्षिक लेखापरीक्षण प्रतिवेदन
# २०७७

# सुर्नया गाउँपालिका
# बैतडी




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General

**प्रदेश नं.५,कर्णाली र सुदूरपश्चिम प्रदेश लेखापरीक्षण महानिर्देशनालय**

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal


पत्र संख्याः २०७६।७७
च.नं. ५५२

मितिः २०७७/०३/२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
सुर्नया गाउँपालिका,
बैतडी ।

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ प्रयोजनको लागि अनुरोध छ ।

२०७७।३।२९
(चन्द्रकान्त भण्डारी)
नायब महालेखापरीक्षक

# महालेखापरीक्षकको भनाई



**(टंकमणि शर्मा, दंगाल)**
**महालेखापरीक्षक**

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीयतहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको आर्थिक वर्ष २०७५/७६ को आर्थिक कारोवारको लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गरिएको छ ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीयतह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसंग सम्बन्धित ऐन नियम समेतको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७५/७६ को लेखापरीक्षण सम्पन्न भए पश्चात जारी प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका बिषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन जारी गरिएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रवर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः स्थानीय तहमा प्राप्त हुने अनुदान, आन्तरिक आय र राजश्व बाँडफाँडको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आयतर्फ संकलन न्यून रहेको, बजेट अनुशासन कमजोर रहेको, अवण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, बर्षान्तमा बढी खर्च गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, वितरणमुखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृति देखिएका छन । त्यसैगरी विकास निर्माण तर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिए बमोजिम जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालिन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन । स्थानीयतहको आन्तरिक व्यवस्थापन तर्फ आवश्यक सीपयुक्त जनशक्तिको कमी रहेको, सेवाप्रवाहमा अपेक्षित सुधार हुन नसकेको, श्रोत साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, संचालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, लेखांकन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ । गतविगतमा लेखापरीक्षणबाट औल्याएका व्यहोराहरु सुधार तथा बेरुजू उपर अपेक्षित रुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको वावजुद यथासम्भब स्थानीयतहको कार्यस्थलमा नै उपस्थित भै लेखापरीक्षण गर्ने प्रयास गरिएको थियो । लेखापरीक्षणको क्रममा स्थानीयतहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापनमा सुधार हुने, भौतिक पूर्वाधार र सेवाप्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु । आगामी दिनमा समेत यस्तै सहयोगको अपेक्षा गर्दछु ।

२०७७ आषाढ २४ गते ।

**महालेखापरीक्षकको कार्यालय**

**Office of the Auditor General**

**प्रदेश नं.५,कर्णाली र सुदूरपश्चिम प्रदेश लेखापरीक्षण महानिर्देशनालय**

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal


पत्र संख्या:०७६।७७
च.नं ५५३

मितिः २०७७३।२९

**विषयः लेखापरीक्षण प्रतिवेदन ।**

श्री अध्यक्षज्यू,
सुर्नया गाउँपालिका,बैतडी ।

**कैफियत सहितको राय**

हामीले **सुर्नया गाउँपालिका**को आर्थिक वर्ष २०७५।७६ को वित्तीय विवरण र त्यससङ्ग सम्बन्धित अन्य बिवरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७६ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७५।७६ को बित्तिय विवरण र त्यससङ्ग सम्बन्धित अन्य बिवरणले स्थानीय तहसङ्ग सम्बन्धित प्रचलित कानूनबमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय यक्त गर्ने आधार**

१. पालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्बजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी बित्तिय बिबरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रु.२ करोड ७६ लाख ८६ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु. १५ लाख ९ हजार, नियमित गर्नुपर्ने रु.२ करोड ४५ लाख ६७ हजार र पेश्की रु.१६ लाख १० हजार रहेको छ ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७६।६।७ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्रतिक्रिया सहितको प्रमाण कागजात पेश हुन नआएकोले बेरुजू फछर्योट नभई कायम व्यहोराको अन्तिम लेखापरीक्षण प्रतिवेदन पाना ( २१ ) यसैसाथ संलग्न छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकीन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसङ्ग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसङ्ग हामी स्वतन्त्र छौं । त्यसकालागि स्वीकृत आचार संहिताअनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व ऐन २०७६ र स्थानिय सरकार सञ्चालन ऐन २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूतरुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकिय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसङ्ग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

२०७७।३।२९
(चन्द्रकान्त भण्डारी)
नायब महालेखापरीक्षक

# सुर्नया गाउँपालिका
# लेखापरीक्षण प्रतिवेदन
# २०७५।७६

**परिचयः–**स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले गाँउपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने हरेक कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरिय सेवा प्रदान गर्नु हो । यो .गाँउपालिका अन्तर्गत ८वडा रहेको,४४सभा सदस्य १२४.५ व.की.मी. क्षेत्रफल,१८५४९ जनसंख्या, सुदुरपश्चिम प्रदेशमा अवस्थित छ ।

**स्थानीय संचितकोषः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ वमोजिम गाँउपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार संचालनमा भएका व्ययहरुको आय व्यय हिसावको आर्थिक वर्ष २०७५।०७६ को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ :–

| सि. नं. | आय तर्फ | | | सि.नं. | व्यय तर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | बिवरण | रकम | रकम | | बिवरण | रकम | रकम |
| १ | गत बर्षको मौज्दात | | ३५७४३७६२ | १ | चालु खर्च | २१२११३४३२ | २१२११३४३२ |
| | क) नगद | | | २ | पूजिगत खर्च | १२६७८९१६९ | १२६७८९१६९ |
| | ख) बैंक | ३५७४३७६२ | | ३ | बित्तिय व्यवस्था भुक्तानी | | |
| २ | राजश्व (आन्तरिक आय) | | ४९३४८१६१ | | क)ऋण भूक्तानी | | |
| | क) आन्तरिक राजश्व | १७९३३०२ | | | ख)ब्याज भुक्तानी | | |
| | ख) राजश्व वांडफांड (केन्द्र) | ४६६७६११६ | | | ग)अन्य भूक्तानी | | |
| | ग) राजश्व वांडफांड (प्रदेश) | ८७८७४३ | | ४ | लगानी | | |
| ३ | बित्तिय हस्तान्तरण ( केन्द्र) | | २३०३६२००० | | क)ऋण भूक्तानी | | |
| | क) बित्तिय समानीकरण अनूदान | ७२९००००० | | | ख)शेयर लगानी | | |
| | ख) सशर्त अनूदान | १२३८६५००० | | | ग)अन्य लगानी | | |
| | ग) समपुरक अनूदान | १३५९७००० | | ५ | धरौटी फिर्ता | ३५९०१३ | ३५९०१३ |
| | घ) बिशेष अनूदान | २०००००००० | | ६ | कोष खर्च | | |
| ४ | संघिय अख्तियारी | | ४२८११००० | ७ | को.ले.नि.का. फिर्ता | | ० |
| | १)झोलूंगे पूल | १६००००० | | ८ | ग्रा.परियोजना फिर्ता | | ० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | ९ | प्रदेश ले.नि.का. फिर्ता | | ० |
| | २)स्था.पू.वि.साझेदारी | ४९५०००० | | १० | अन्य भुक्तानी | | |
| | ३)सामाजिक सूरक्षा | ३०५२९००० | | ११ | मौज्दात | | |
| | ४)बहूक्षेत्रीय पोषण | १३१९००० | | | क) नगद गा.बि.स. | | ० |
| | ५)गरीवसंग बिश्वेश्वर | ३९४००० | | | ख) नगद वडाहरु | | |
| | ६)प्र.म. रोजगार कार्यक्रम | ४०१९००० | | | ग) बैंक | | ४२३६४३५७ |
| ५ | प्रदेश सरकार अनूदान | | १८३३९६०० | | १.मूल संचित कोष | ३५११७५०१ | |
| | क) बित्तियसमानीकरण अनूदान | ६७२३००० | | | २.चालू खर्च खाता | १७३९६३४ | |
| | ख) सशर्त अनूदान | ० | | | २.पूजिगत खर्च खाता | १२०८१२१ | |
| | ग) बिशेष अनूदान | ४२००००० | | | ४.स्थानीय तह धरौटी | ४२९९१०१ | |
| | घ) समपुरक अनूदान | ६६६६६०० | | | | | |
| | ङ) प्रोत्साहन अनूदान | ७५०००० | | | | | |
| ६ | धरौटी प्राप्त | ४६५८११४ | ४६५८११४ | | | | |
| ७ | अन्य आय | | ० | | | | |
| | क) वडा नगद दाखिला | १०५४१ | १०५४१ | | | | |
| | ख) बेरुजू दाखिला | ३५२७९३ | ३५२७९३ | | | | |
| **जम्मा** | | **३८१६२५९७१** | **३८१६२५९७१** | **जम्मा** | | **३८१६२५९७१** | **३८१६२५९७१** |

| बेरुजू दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| १. | **बजेट पेश गर्ने तथा पारित गर्ने**: स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७१ वमोजिम स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालीकावाट स्वीकृत गराई आषाढ १० गते भित्र सभामा पेश गर्नुपर्ने व्यवस्था छ । आय व्ययको अनुमान साथ गत वर्षको वास्तविक आय व्यय , चालु आर्थिक वर्षको अन्तिम सम्ममा हुने आय व्ययको संशोधित अनुमान तथा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय व्ययको अनुमानित विवरण सभामा पेश गरि १५ दिन भित्र छलफल सम्पन्न गरी आषाढ भित्रनै पारीत गर्नुपर्ने व्यवस्था छ । गाँउसभा आषढ १० गते सुरु र समाप्त भएको माइन्युटमा उल्लेख भएपनि उक्त ब्यबस्था अनुरुप छलफल भै निर्धारित ढाँचामा योजना तथा कार्यक्रम र आय व्ययको अनुमानित विवरण पेश गरी पारित भएका कार्यक्रम माइन्युट बुकमा उल्लेख नभएका,माइन्युट बुकको प्रत्येक पेज प्रमाणिकरण गरेको छैन । यसर्थ पारित गरेका कार्यक्रम को यथार्थता एकिन गर्न सक्ने अवस्था रहेन । | |
| २. | **आन्तरीक नियन्त्रण प्रणाली**: स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र दक्षतापुर्ण ढंगवाट सम्पादन गर्न र वित्तिय प्रतिवेदन प्रणालीलाई विश्वसनिय वनाउन तथा प्रचलित कानून वमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृती अनुसारको आन्तरिक नियन्त्रण प्रर्णाली तयार गरि कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । कार्यालयले कानूनी व्यवस्था बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरेको नदेखिएकोले कार्यालयको आन्तरिक नियन्त्रण प्रणाली विश्वसनीय छ भनी एकिन गर्न सकिएन ।<br><br>● **जिन्सी निरीक्षण**: आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ५० मा कार्यालय प्रमुखले एक वर्षमा कम्तीमा एक पटक आफैले निरीक्षण गरी वा त्यस्तो मालसामान जिम्मा लिने कर्मचारी बाहेक अन्य कर्मचारी वा प्राविधिकद्वारा निरीक्षण गर्न लगाई त्यसको प्रतिवेदन लिखित रूपमा लेखि वा लिई राख्ने र प्रतिवेदनमा कैफियत देखिएका व्यहोरा कार्यान्वयन गर्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले जिन्सी निरीक्षण गरी प्रतिवेदन तयार गरेपनि कार्यन्वयन गरेको छैन ।<br><br>● **जोखिम पहिचान**: कार्यालयले बर्षभरिमा सम्पादन गर्ने गरी कार्यक्रममा रहेका र आइपर्ने सम्भाबित जोखिमहरु पहिचान गरी जोखिमहरुको रजिष्टर खडा गरी राख्नुपर्नेमा जोखिम पहिचान गरी समाधानको कार्य योजना तयार गरेको देखिएन ।<br><br>● **योजना सन्चालन**: सन्चालित योजनाको काम तोकिएको समयमै सम्पन्न गरेको देखिएन ।<br><br>● **कार्य विवरण**: प्रत्येक निजामती पदको कार्य विवरण बनाइ लागु गर्नु पर्ने व्यवस्था रहेकोमा प्रत्येक कर्मचारीलाई कार्य विवरण दिएको देखिएन ।<br><br>● **लागत अनुमान/खरिद योजना**: सार्वजनिक खरिद ऐन, २०६३ को दफा (५), (६) एवं सार्वजनिक खरिद नियमावली, २०६४ को नियम (३), (८) बमोजिम खरिद कारवाहीको तयारी, खरिद कार्य योजना, खरिदको प्रकार, बिधि, समय तालिका, खरिदको आर्थिक श्रोत, लागत अनुमान र खरिद आवश्यकताको पहिचान गरी खरिदको कुल बिबरण, परिमाण र क्षेत्रको यकिन गरी बार्षिक खरिद योजना र लागत अनुमान तयार गर्नुपर्नेमा कानूनी व्यवस्था बमोजिम खरिद योजना तयार गरेको देखिएन ।<br><br>● **स्पेशिफिकेशन र मूल्य नखुलाएको**: कम्प्युटर, ल्यापटप, मेशिनरी औजार लगायतका सामानको जिन्सी दाखिला गरेता पनि मूल्य र स्पेशिफिकेशन नखुलाई प्रविष्टि गरेको छ ।<br><br>● **सम्पत्तिको अभिलेख**: सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४९(५) मा सावंजनिक निकायले भौतिक सम्पत्तिको अभिलेख राख्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयलले अन्य जिन्सी सामग्रीहरुको अभिलेख राखेको भए तापनि आपनो कार्यक्षेत्रभित्र पर्ने भौतिक सम्पत्तिहरु सडक, पुल, कल्भर्ट, नाली, रेलिँग आदिको नाप समेत खुल्ने गरी अभिलेख तयार गरेको छैन ।<br><br>● **नापी किताब, ठेक्का बील**: यो वर्ष ठेक्का भएका विभिन्न ठेक्काको रनिंग तथा अन्तिम बिल भुक्तानी गर्दा | |

<table>
<tr><td></td><td>नापी किताब, ठेक्का सम्बन्धी बिल, कार्य सम्पन्न प्रतिवेदनमा ठेक्का नं., कार्य सम्पन्न हुनुपर्ने मिति, कार्य सम्पन्न मिति उल्लेख गरेको छैन । ठेक्का सम्वन्धी भुक्तानीको महत्वपूर्ण कागजातको रुपमा रहेका नापी किताब, ठेक्का सम्वन्धी बिल, कार्य सम्पन्न प्रतिवेदनमा यस्ता विषयहरु उल्लेख नगर्दा ठेक्काको अभिलेख व्यवस्थापनमा कमजोरी रहने हुंदा नापी किताब, ठेक्का सम्वन्धी बिल तथा कार्य सम्पन्न प्रतिवेदन अद्यावधिक रुपमा राखिनु पर्दछ ।<br><br>● मू.अ.कर दर्ता नभएकासंग खरिदः सार्वजनिक खरिद नियमावली २०६४ को नियम १९(१) अनुसार सार्वजनिक निकायले बीस हजार रूपैयाँभन्दा बढी रकमको मालसामान खरिद गर्दा वा निर्माण कार्य गराउँदा आन्तरिक राजश्व कार्यालयबाट स्थायी लेखा नम्बर र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र प्राप्त गरेका व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट मात्र खरिद गर्नु पर्ने व्यवस्था रहेकोमा कार्यालयले उपभोक्ता समिति मार्फत गराएका कार्यहरुमा मू.अ.कर दर्ता नभएका व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट विभिन्न निर्माण सामग्री र अन्य मालसामान खरिद गरी कार्य गरेको देखिएकोले कानूनी व्यवस्था बमोजिम मू.अ.कर दर्ता भएका व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट खरिद कार्य गर्ने गराउनेतर्फ ध्यान दिनुपर्ने देखिन्छ</td><td></td></tr>
<tr><td>३.</td><td>आन्तरिक लेखापरीक्षणः स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७७ मा आय व्ययको आन्तरीक लेखापरीक्षण समयमा गराउनु पर्ने व्यवस्था छ । समयमा आन्तरीक लेखापरीक्षण गराउनुपर्नेमा २०७६।५।९ मा कोष तथा लेखा नियन्त्रक कार्यालय, बैतडीबाट आन्तरीक लेखापरीक्षण भएको प्रतिवेदनबाट देखिन्छ । आन्तरीक लेखापरीक्षण प्रतिवेदनमा उल्लेखित व्यहोरा अन्तिम लेखापरीक्षण अगावै फछ्यौंट भएको देखिएन । आन्तरीक लेखापरीक्षण प्रतिवेदनमा उल्लेखित देहायका व्यहोरा असूल फछ्यौंट हुनु पर्ने रु............................<br><br>
<table>
<tr><th>आ.ले.प. प्रतिबेदनको क्र.स.</th><th>संक्षिप्त ब्यहोरा</th><th>रकम</th></tr>
<tr><td>१</td><td>वडा अध्यक्ष दिनेश प्रसाद भट्टलाई ३ दिनको बढि दैनिक भत्ता भुक्तानि भएकाले असुल गर्नुपर्ने रु.</td><td>४२००</td></tr>
<tr><td>२</td><td>भुक्तानिमा अग्रिम आयकर कट्टा नगरेको रु.</td><td>३२५५</td></tr>
<tr><td>३</td><td>वडा न. २ का वडा सचिब सुदर्शन खड्काले पेश्कि लिई ३ थान मोबाईल फोन खरीद गरी जिन्सि खर्च लेखेको रु.</td><td>४०४००</td></tr>
<tr><td>४</td><td>भुक्तानिमा अग्रीम आयकर कट्टा नगरेको रु.</td><td>२५५४०</td></tr>
</table></td><td>७३३९५/-</td></tr>
<tr><td>४.</td><td>श्रोत अनुमान तथा वजेट सीमाः स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६६ वमोजिम गाँउपालिकामा प्राप्त हुने आन्तरिक आय , राजश्व वाँडफाँडवाट प्राप्त हुने रकम, अनुदान,ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र वजेट सीमा निर्धारण गर्न ४ सदस्यीय समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, सन्तुलित वितरण, वजेट सीमा निर्धारण, वजेट तथा कार्यक्रमको प्राथमिकिकरण, वजेट तर्जुमा मार्गदर्शन गर्नुपर्ने र कार्यपालिकामा पेश गर्ने कानुनी व्यवस्था रहेकोमा सो अनुरुप भएको देखिएन ।</td><td></td></tr>
<tr><td>५.</td><td>वजेट तथा कार्यक्रम तर्जुमाः स्थानीय तह संचालन ऐन, २०७४ को दफा ६७ मा ४ सदस्यीय वजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकिकरण , विषयक्षेत्रगत कार्यक्रम र कार्यक्रममा दोहोरोपना हुन नदिन कार्यक्रमको आपसि तादाम्यता तथा परिपुरकता मिलाउने व्यवस्था भएको भएतापनि सो अनुरुप गरेको छैन ।</td><td></td></tr>
</table>

६. **स्थानीय तथ्यांक र अभिलेख**ः– स्थानीय तह संचालन ऐन, २०७४ को दफा ११ वमोजिम यस.पालिकाले आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्यांक संकलन , अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । यस गाउपालिकाले स्थानीय तथ्यांक सम्वन्धी नीति, कानून र सोको मापदण्ड बनाएको छैन.। स्थानीय तहका हरेक प्राथमिकिकरणका क्रियाकलाप संचालनमा तथ्यांकले महत्वपुर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा भुमिका अगाडि वढाउन आवश्यक छ । तथ्यांक वेगर प्राथमिकतामा राखिएका योजना, वजेट, प्रक्रिया र कार्यावन्यनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ गाउँपालिकाले अभिलेख व्यवस्थापन गर्न जरुरी छ ।

७. **लक्ष्य प्रगतिको स्थिति -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २४ मा चौमासिक प्रगती विवरण पेश गर्ने व्यवस्था छ । कार्यालयले सञ्चालन गरेका आयोजनामध्ये सबै आयोजनाको उपर्युक्त नियम बमोजिम अनुसूची-२ बमोजिमको ढाँचामा प्रगती विवरण तयार गरेको देखिएन । गाँउपालिकाले यस वर्ष रु. ६ करोड ७५ लाख ५१ हजारको ११ मुल कार्यक्रम अन्तर्गत १७७ सहायक कार्यक्रम संचालन गरेकोमा १२ कार्यक्रमको शुन्य प्रगति र १६२ कार्यक्रममा ७५ प्रतिशत प्रगति ,३ कार्यक्रममा ५० प्रतिशतसम्म प्रगति भएको विवरण पेश गरेको छ ।

८. **बढी जिम्मेवारी : -** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ४५ मा जिम्मेवारी यथार्थ सार्नुपर्ने व्यवस्था छ । गत वर्षको अन्तिम मौज्दात रु ३५५७१५०३।०० देखिएकोमा रु. ३५७४३७६२।०० जिम्मेबारी सारेकोले बढी रु.१७३२५९।०० जिम्मेबारी सारेको देखियो । बढी जिम्मेवारी सारेको स्पष्ट आधार प्रमाण पेश भएन ।

९. **चौमासिक खर्च:**आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ वमोजिम स्विकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कार्यक्रम वमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार प्रथम चौमासिकमा २.६८ प्रतिशत, दोश्रो चौमासिकमा १७.३२ प्रतिशत र तेश्रो चौमासिकमा ८०. प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै आषाढ मसान्तमा ४९.६४ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप वढेको देखिएकोले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन ।

| क.स. | बजेट उपशिर्षक | कुल खर्च | चौमासिक खर्च (रु.हजारमा) | | | |
|---|---|---|---|---|---|---|
| | | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेस्रो चौमासिक | आषाढ महिना |
| १ | विभिन्न | ७७०४१ | २०६४ | १३३४१ | ६१६३६ | ३८२४३ |

१०. **कर्मचारी व्यवस्था :**निजामती सेवा ऐन, २०४९ वमोजिम कर्मचारी पदपुर्ति रु व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । गाउपालिकामा रहने कर्मचारी दरवन्दी २५ रहेपनि पदपूर्ति १० (करार समेत) रहेको देखियो । २ अधिकृत सहित १५ पद रिक्त रहेका छन , ३ जना करारमा राखी कार्य सञ्चालन गरिएको छ । अनावश्यक पद भए खारेज गर्नु पर्नेमा कुनै कारवाही गरेको देखिएन ।

११. **सशर्त अनुदान-** संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको २०७५।३।३ को सशर्त अनुदान रकम फिर्ता सम्बन्धी विषयको पत्र अनुसार विभिन्न तीन किस्तामा स्थानीय तहमा हस्तान्तरण भएको र सशर्त अनुदानमा मुख्यतया शिक्षा, स्वास्थ्य र कृषि पशु पंक्षी मन्त्रालय लगायतबाट प्राप्त भएको रकम र समपुरक, विशेष अनुदान,झोलुङ्गे पुल र प्रधानमन्त्री रोजगार कार्यक्रममा निकासा भएको रकममध्ये आषाढ मसान्तसम्म खर्च हुन नसकेको रकम संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले खर्च हुन नसकेको रकम रु.१,९८,५३,२१९।४१ मिति २०७६।४।२९ मा संघीय सञ्चित कोषमा र प्रदेश संचित कोषमा दाखिला गरेको देखियो ।

१२. **राजश्व अभिलेख :** आर्थिक कार्यबिधि ऐन, २०५५ को परिच्छेद ४ दफा १२ र १३ ले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ ।

राजस्व आम्दानीको निर्णय देखि असुली तथा दाखिला सम्मका अभिलेख व्यवस्थित गरी श्रेस्ता राखेको छैन । यसवाट गाँउपालिकाको बास्तबिक राजस्व असुली र दाखिला एकिन हुन सकेन । यसमा बिशेष ध्यान दिई आन्तरिक आयको उचित अभिलेखाङ्कन तथा परिचालन गर्नुपर्दछ ।

१३. **सञ्चित कोष :** स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्वन्धि आदेश, २०७४ को दफा ६३ अनुसार गाउँ पालिका वा नगरपालिकाको स्थानीय सञ्चित कोषसंग आवद्ध हुने गरी  एक खर्च खाता रहने तथा चालु आर्थिक वर्षको अन्त्यमा खर्च खातामा रहेको सवै बाँकी रकम सम्वन्धित स्थानिय तहको संचित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था गरेता पनि २ चालु , २ पुजिगत  र २ संचित कोष खाता  प्रयोग गरेकोले एक एक चालु , पुजिगत र मुल संचितकोष खाता कायम गर्नुपर्ने देखियो ।

१४. **स्रोत नक्सांकन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४को दफा ११ बमोजिम प्रत्येक गाउँपालिका र नगरपालिकाले आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अबस्था, प्राकृतिक श्रोत अर्न्तगत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अर्न्तगत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्सांकन वा गाउँपालिकाको प्रोफाईल तयार गर्नुपर्नेमा सो तयार गरेको पाईएन ।

१५. **पेश्की -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम .७४ अनुसार पेश्की फछ्र्यौट हुनुपर्दछ । समयमा पेश्की फछ्र्यौट नगरेमा सम्पूर्ण पेश्की रकममा म्याद नाघेको मितिले वार्षिक १० प्रतिशतका दरले व्याज समेत असूल गर्ने व्यवस्था छ । प्राप्त विवरण अनुसार गाउपालिकाको यस बर्ष उपभोक्ता  समितिको नाममा रु १४१००००।०० र कर्मचारीको  नाममा रु २०००००।०० समेत रु १६१००००।०० पेश्की फछ्र्यौट नभई बाँकी रहेकोले नियमानुसार फछ्र्यौट हुनुपर्ने रु................................ १६१००००/-

| शिर्षक | लिनेको विवरण | पेश्की मिति | रकम |
|---|---|---|---|
| वित्तीय समानिकरण चालु | मोहन सिह ठगुन्ना | ०७५।१२।१५ | २००००० |
| वित्तीय समानिकरण चालु | वाशुलिग क्रिकेटस | २०७५।६।२५ | ४०००० |
| वित्तीय समानिकरण पुजीँगत | कोल्यौडा बस्तीसुधार निर्माण उपभोक्ता समिति | २०७५।१२।१५ | १२०००० |
| वित्तीय समानिकरण पुजीँगत | सतबाँझ श्रीभावर सडक निर्माण समिति | २०७६।०।२९ | १२५०००० |
| | | जम्मा | १६१०००० |

१६. **कार्यसम्पन्न प्रतिवेदन : -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ अनुसार खरिद सम्झौतामा उल्लेखित अवधिभित्र कार्यसम्पन्न गरी प्रतिवेदन तयार गर्नुपर्ने ब्यबस्था छ । गाउँपालिका कार्यालयवाट ३ वटा निर्माण कार्य आषाढ मसान्त भित्र सम्पन्न गर्ने गरी सम्झौता भएकोमा लेखापरीक्षण अवधिसम्म पनि.उक्त निर्माण कार्य सम्पन्न भएको छैन । तोकिएको समय भित्र स्वीकृत कार्यक्रम अनुसार रु. १६२००००।०० को कार्यसम्पन्न गरी प्रतिवेदन पेश गर्नुपर्दछ ।

| आयोजना | रकम |
|---|---|
| बंशल्ला पनखोला सडक आयोजना | २५००००।०० |
| कोल्यौडा बस्तीसुधार | १२००००।०० |
| सतबाँझ श्रीभावर सडक | १२५००००।०० |

| | | |
|---|---|---|
| | **उपभोक्ता समितिमार्फत कार्यः** यस सम्वन्धमा देखिएका व्यहोरा यसप्रकार रहेका छन् । | |
| १७. | सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट काम गराउने व्यवस्था छ । उपभोक्ता समितिले पेश गरेको प्रस्ताव वा निवेदन प्राप्त भएपछि सम्बन्धित सार्वजनिक निकाय र त्यस्तो उपभोक्ता समिति वा लाभग्राही समुदायले आवश्यकतानुसार छलफल, वार्ता वा निर्माण स्थलको भ्रमण गरी त्यस्तो काम वा सेवाका सम्बन्धमा खरिद सम्झौता गर्नु पर्ने र त्यस्तो सम्झौतामा साठी लाख रुपैयाँभन्दा बढी लागत अनुमान भएको कार्यमा प्रत्येक कार्य इकाईमा उपभोक्ता समिति वा लाभग्राही समुदायले गर्नु पर्ने योगदान उल्लेख गर्नुपर्नेमा सो अनुसार गरेको देखिएन ।उपभोक्ता समितिको गठन विधि , आधार  उपभोक्ता समितिले सञ्चालन गर्ने आयोजनाबाट लाभान्वित हुने जनसंख्या स्पस्ट देखिएन ।उपभोक्ता समितिले पेश गरेको डोर हाजिरीमा उपभोक्ता समितिका पदाधिकारी तथा उपभोक्ता समिति गठन गर्दाको समयमा उपस्थित जनसमुदायले पनि श्रम योगदान नगरेको, डोर हाजिरमा उल्लेखित श्रमिकको पुष्ट्याई नभएको, केवल प्रक्रिया पुऱ्याउने प्रयोजनको लागि डोर हाजिर राख्ने गरेको,उपभोक्ता समितिले निर्माण व्यवसायीसंग काम गराई अनुदान ग्रहण गर्ने गरेको देखिएकोले यसमा सुधार हुनुपर्दछ । | |
| १८. | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी ,दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परिक्षण अर्न्तगत सार्वजनिक परिक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने, सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(७) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले आफूले प्रत्येक किस्ताको गरेको खर्चको सूचना सार्वजनिक टाँस गर्नुपर्ने र आफूले गरेका कामकारबाहीको सम्बन्धमा सार्वजनिक खरिद अनुगमन कार्यालयले तोकेको प्रक्रिया बमोजिम तोकेको अवधिभित्र सामाजिक लेखापरिक्षण गर्नुपर्ने व्यवस्था रहेकोमा सो अनुसार भए गरेको देखिएन । | |
| १९. | सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(१२) बमोजिम निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नु पर्ने व्यवस्था रहेकोमा सो अनुसार गरेको देखिएन । | |
| २०. | सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(११) उपभोक्ता समिति वा लाभग्राही समुदायले निर्माण कार्य सम्पन्न गरिसकेपछि सम्बन्धित सार्वजनिक निकायले खटाएको प्राविधिक कर्मचारीबाट त्यस्तो कामको जाँचपास गराई त्यस्तो निकायबाट प्राप्त रकम र जनसहभागिताबाट व्यहोरिएको श्रम, नगद वा जिन्सी समेत कूल खर्चको विवरण सो निकायमा पेश गर्नु पर्ने, सम्बन्धित सार्वजनिक निकायले त्यसरी प्राप्त भएको विवरण तथा उक्त निर्माण कार्यको सर्भे, डिजाइन, लागत अनुमान, सुपरिवेक्षण र कार्यसम्पादन गर्ने व्यक्ति तथा पदाधिकारीको नाम र पद समेत खुल्ने गरी कार्य सम्पन्न प्रतिवेदन तयार गरी अभिलेख राख्नु पर्ने व्यवस्था छ । सर्भे, डिजाइन, लागत अनुमान बेगर बजेट विनियोजन गर्ने गरेको र उपरोक्त अनुसार गरेको देखिएन । | |
| २१. | **अन्य खर्चः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ मा स्वीकृत बजेट रकम स्वीकृत निकायको लागि भएको र सोही अनुसार अन्यत्र प्रयोजनमा खर्च नगर्ने व्यवस्था छ । गाँउपालिकाले सतबाँझ खानेपानी समितिको २०६९ कार्तिक देखि २०७५ असोज सम्मको बिद्युत विल वापत रु २९४५३५/- टेलिफोन टावर जडानको  समवन्य गरेको उल्लेख गरि दिपेन्द्र विष्ट, सुर्नया ५ लाई | |

| | | |
|---|---|---|
| | भुक्तानी दिएको रु.६०३५५/-अनियमित देखिएको रु………… | ३,५४८९०/- |
| २२. | **आन्तरिक आय :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ वमोजिमस्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले गाँउपालिकामा प्राप्त हुने आन्तरीक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । यस वर्ष आन्तरिक आय दस्तुर रु १७,९३,३०२।०० आर्जन गरेको विवरण पेश भएको छ । गाँउपालिका भित्रको क्षेत्रमा ढुङ्गा खानि रहेकोमा आय ठेक्का पनि गरेको देखिएन । आय ठेक्का लगाई नियमानुसार असुल गर्नुपर्दछ । | |
| २३. | **तलवी प्रतिबेदन :** निजामती सेवा ऐन, २०४९ को दफा ७ बमोजिम स्थानीय तह अन्तर्गतका कर्मचारीहरुको बार्षिक तलबी प्रतिबेदन आन्तरीक लेखापरीक्षकबाट पारीत गराई तलब खर्च लेख्नुपर्नेमा गाउपालिकाले सबै कर्मचारीको तलबी प्रतिबेदन पारित गरेको छैन । तलवि प्रतिबेदन पारित गरेर मात्र तलब खर्च लेख्नुपर्दछ । | |
| २४. | **लेखा :**स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा कारोवारको लेखा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने व्यावस्था भएको छ । महालेखापरीक्षकबाट २०७६।२।१९ मा १४२ नयाँ म.ले.प. फारम स्वीकृत भै लागू भएको भए तापनि वित्तीय विवरण नगदमा आधारीत सार्वजनिक क्षेत्र लेखामान बमोजिम तयार गरी कार्यपालिका बैठकबाट स्वीकृत गरेको छैन । | |
| २५. | **योजना र कार्यान्वयनः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ वमोजिम स्थानीय तहले योजना वनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना वनाउँदा मध्यम तथा दिर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । गाउँपालिकाले सूचि तयार गरी कार्यान्वयनमा ल्याएको छैन । | |
| २६. | **पशु सेवा कार्यक्रमः** भौचर नम्बर ३।२०७६।३।२२ बाट ना.प्रा.स.शरद प्रसाद पन्तलाइ वोयर बोका खरिद बापत रु ४००००/- भुक्तानी गरेकोमा बोकाको तौल प्रमाणित गरी मुल्य कायम गर्नुपर्ने, स्वास्थ्य परिक्षण हुनुपर्ने बाखापालन समुहसँग सम्झौता गरी बोकालाई ट्याग लगाई सम्बन्धित समूहको जिम्मामा दिनुपर्नेमा सो बेगर नै बोका खरीदको भर्पाइ बनाई वडा नं ६ का दामोदर अवस्थीलाई बुझाएको भर्पाइ मात्र संलग्न छ । अतः उक्त बोका खरीदबाट कति समुहका कति घर परिवारले सुविधा पाएका छन र बोकाको अवस्था के कस्तो छ, निरीक्षण अनुगमन गरी प्रतिबेदन गर्नु पर्दछ । | |
| २७. | **प्रदेश सरकार प्रोत्साहन भत्ता :–** भौचर नम्बर २।२०७६।३।३० बाट बाल बिकास सहयोगी कार्यकर्ता र परिचरको प्रोत्साहन भनी ३८ बिद्यालयको बैङ्क खातामा रु. ७३००००।०० निकासा दिंदा गत आर्थिक बर्षको रु. १२००००।०० समेत समावेश भएकोले भुक्तानी दिन बाँकीको बिवरण (म.ले.प.फा.न.१८) प्रमाणित नभएको रु... | १२००००/- |
| २८. | **पुरातात्विक संरक्षण :–**यस कार्यक्रममा उदयदेव मन्दिर एंव परीसर संरक्षण भनी रु. ४८५०००/- खर्च लेखेको छ । गाँउपालिका अन्तर्गत संरक्षण गर्नुपर्ने पुरातात्विक स्थल संरचना के कस्तो अवस्थामा कति परिमाणमा रहेका छन्, सो को अभिलेख अद्यावधिक राखी कार्यक्रम बनाएर संरक्षण मर्मत सम्भार गर्ने तर्फ ध्यानाकर्षण हुनुपर्दछ । | |
| २९. | **राष्ट्रिय ग्रामिण तथा नविकरणीय उर्जाः–** यस कार्यक्रममा रु. ९२२०२०/- खर्च भएकोमा | |

<table>
<tr><td></td><td>पत्थरकोटगाड वडा नः ७ को लघु जल बिद्युत परियोजना मर्मत रु.२२५०००/- कठमडागाड लघु जलबिद्युत परियोजनामा रु.२२५०००/- समेत रु.४५००००/- को जलबिद्युत योजना मर्मत खर्च लेखेको छ । बिद्युत उत्पादन गरी बितरण गर्ने कार्य तथा शुल्क असुल गर्ने कार्य ब्यबस्थित गर्नुका साथै सो को मर्मत संभार गर्ने, हिसाबकिताब अद्याबधिक गरी लेखापरिक्षण गर्ने कार्य गराउने तर्फ ध्यान नदिई मर्मत खर्च  मात्र दिने गरेको देखियो । अतः योजना सञ्चालन गर्ने समितिको आयब्यय पारदर्शी गराउने तर्फ ध्यानाकर्षण हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>३०.</td><td>प्राथमिक स्वास्थ्य सेबा :–जिल्ला स्थित कार्यालयहरुका स्थायी कर्मचारीहरुको बार्षिक तलबी प्रतिबेदन पास गरी तलब ग्रेड भुक्तानी गर्नु पर्नेमा २८ जना स्थायी कर्मचारीहरुको तलबी प्रतिबेदन बेगरनै तलब खर्च लेख्ने गरेको पाईयो । अत : नियमानुसार तलबी प्रतिबेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>३१.</td><td>समुदायमा पर्यटन प्रबर्द्धन : खामेबाली ताल संरक्षण रु. १०००००।०० खर्च लेखेकोमा उक्त ताल पर्यटकिय स्थल हो, होईनः बर्षमा कति पर्यटकले भ्रमण गरेका थिए , यस्ता पर्यटकिय स्थलको पहिचान गरी सो को अभिलेख अद्यावधिक गर्ने र बार्षिक कार्यक्रम स्विकृत गरी नियमित प्राथमिकताको आधारमा कार्य गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>३२.</td><td>बिद्यालय क्षेत्र बिकास कार्यक्रम : शिशु कक्षाको  लागि बाल बिकास सहयोगी कार्यकर्तालाई मासिक रु.६०००/- ले १३ महिनाको पारिश्रमिक भुक्तानी गर्ने गरेको छ । यस प्रकार बाल बिकास सहयोगी कार्यकर्ताको  दरबन्दी, बालबालिकाको संख्याको आधारमा निर्धारण गरी तलब भुक्तानी गर्नुपर्दछ । प्रति एक सहयोगि कार्यकर्ताको लागि २० जना बिद्यार्थी हुनु जरुरी हुन्छ । यस बर्ष सहयोगी कार्यकताको पारिश्रमिक रु.१३१०४००/- निकासा गरेकोमा शिशु कक्षाका बिद्यार्थीहरुको बिबरण पेश भएन । त्यस्तै गरी ६।६ महिनामा शिशु कक्षाका बिद्यार्थिको अनुगमन गरी स. का. को दरबन्दी निर्धारण गर्नु पर्नेमा सो समेत नगरी निकासा दिने गरेबाट सहयोगी कार्यकर्ता  र बिद्यार्थिको अनुपात ठिक छ भनि आश्वस्त हुन सकिएन ।<br><br>(क) अनुगमन प्रतिबेदन :अनुगमन समितिका संयोजक जय ब. कुंबर सहित समितिका ६ जनाबाट गाउपालिका क्षेत्रको बिद्यालय अनुगमन गरी दिएको प्रतिबेदनमा कुनै पनि बिद्यालयमा बिज्ञान प्रयोगशाला नरहेको सबै बिद्यालयमा खानेपानि अपुग, पुस्तकालय अपुग, शैक्षिक सामाग्री अपुग भनिएको छ । तर तत्कालिन जिल्ला शिक्षा कार्यालय र शिक्षा बिकास तथा समन्वय इकाईबाट पुस्तकालय, शौचालय, बिज्ञान प्रयोगशाला, सुचना प्रबिधिका लागि बर्षे पिच्छे रकम निकासा भएको थियो भने गाउँपालिका बाट पनि निम्नानुसार निकासा भएको छ । यसबाट अनुगमन कार्य प्रभाबकारी भएको छ भनि आश्वस्त हुने अबस्था रहेन । अत : स्थलगत निरिक्षण गरी बास्तबिकतामा आधारित भएर प्रतिबेदन हुनु पर्ने देखियो ।<br>
<table>
<tr><th>सि.न.</th><th>बिद्यालयको नाम</th><th>बिबरण</th><th>निकासा रकम</th></tr>
<tr><td>१</td><td>रौलेश्वर मा. बिं वडा न.५</td><td>पुस्तकालय</td><td>६५००००</td></tr>
<tr><td>२</td><td>शंकर संस्कृत उ.मा.बि.</td><td>सौचालय</td><td>७०००००</td></tr>
<tr><td>३</td><td>राष्ट्रिय मा.बि.डवरालो</td><td>बिज्ञान प्रयोगशाला</td><td>६५००००</td></tr>
<tr><td>४</td><td>कैलापाल मा. बि झाडबो</td><td>बिज्ञान प्रयोगशाला</td><td>६५००००</td></tr>
<tr><td>५</td><td>बांसुदेब मा.बि लिष्टिका</td><td>बिज्ञान प्रयोगशाला</td><td>६५००००</td></tr>
</table></td><td></td></tr>
</table>

| | | | |
|---|---|---|---|
| ६ | नेपाल राष्ट्रिय मा. बि ग्वानि | सुचना प्रबिधि | ६५०००० |
| ७ | भुबनेश्वर मा. बि गोयलि | सुचना प्रबिधि | ६५०००० |
| ८ | उच्चाकोट मा. बि गुर्केलि | पुस्तकालय | ६५०००० |
| जम्मा | | | ५२५००००/- |

उपर्युक्त उदाहरण सहित बिगत ३ देखि ४ बर्ष भित्रको निकासामा सबै बिद्यालयमा निकासा भएको बिद्यमान अवस्थामा बिद्यालयमा त्यस प्रकारका पूर्बाधार नरहेको भनि प्रतिबेदन प्राप्त भएको हुंदा यस सम्बन्धमा आबश्यक छानबिन गरी के कस्को लापरबाही वा गैर जिम्मेबारीका कारण यस्तो हुन गएको हो एकिन गरी नियमानुसार कारबाही समेत हुनुपर्ने देखिन्छ ।

३३. **भवन निर्माण :** सिगास मा. बि मुसेरौटेमा ४ कोठे भवन निर्माणको लागि रु.४७२६६७८।९० को लागत अनुमानमा बिद्यालयले रु.११२६६७८।८८ र कार्यालयले रु.३६०००००/- ब्यहोर्ने सम्झौता अनुसार उक्त भबन निर्माण सम्पन्न गरी गत बर्ष शिक्षा बिकास तथा समन्वय इकाईबाट निकासा भएको रु १८०००००/- घटाई गा. पा बाट रु.१८०००००/- निकासा भएको श्रेस्ता परिक्षण बाट संलग्न फोटोमा रङ रोगन कार्य पुरा भएको देखिएन भने झ्याल ढोकामा रु ११०१२.३० को रङ रोगन खर्च देखिएकोमा रङ लगाएको नदेखिएकोले छानबिन गरी रङ नलगाएको रकम असुलउपर गर्नुपर्ने रु......

११०१२।३०

३४. **बिद्यालय क्षेत्र बिकास कार्यक्रम (केन्द्रिय स्तर):** यस कार्यक्रमको लागि बिद्यालयमा ४ कोठे भवन निर्माण गरी गत बर्ष शिक्षा बिकास तथा समन्वय इकाइबाट निकासा भएको रु.१६०००००/- घटाई बाँकी रु.१६०००००/-का दरले गाँउपालिकाबाट रु.४८०००००/-निकासा भएको छ । यस सम्बन्धमा देखियका ब्यहोरा निम्न अनुसार छन :–

(क) सिद्धनाथ आ.बि.धुलिधारलाई ४ कोठे भवन निर्माणको लागि गाउपालिकाबाट रु.१६०००००/- निकासा दिएकोमा रङ रोगन रु.१०४२१।५१ को काम नभएको र सिलिङमा प्लाइउड राख्ने रु. १०४१८४।८० को काम नगरेको प्रस्तुत फोटोबाट देखिएकाले उक्त काम नगरेको आइटममा भुक्तानी भएको रकम असुल हुनुपर्ने रु ............................................

१,१४,६०६/३१

**(ख)**केदार मा.बि कठमडाको ४ कोठे ट्रस भवन निर्माणको रु.१६०००००/- निकासा गरेकोमा कुल ल.ई रु.१८३७४६६।०३ अर्थात गाउँपालिका अंश ८७.०६ प्रतिशत, बिद्यालयको अंश १२.९२३% ब्यहोर्न पर्नेमा कुल मुल्याङ्कन रु.१६७२०९८।६३ को ८७.०७६% ले रु.१४५५९९६।६० मात्र गाउँपालिकाको अंश हुने हुँदा आनुपातिक कट्टी नगरी बढी भुक्तानी भएको रकम असुल हुनुपर्ने रु..................................

१४४००/-

३५. **शिक्षण सिकाई अनुदान :–**निम्न बिद्यालयलाइ १ जना शिक्षकको लागि १ बर्षको तलब बराबरको रकम निकासा गएकोमा ति बिद्यालयको शिक्षक बिद्यार्थि अनुपात र पदपुर्ति भएका शिक्षकको बिबरण संलग्न नभएकाले सो बिबरण र निकासा रकमको तलव भत्ता बुझ्ने शिक्षकको नियुक्ती र तलवी भरपाइ वा निजको बैङ्क खातामा जम्मा गरेको प्रमाण पेश हुनु पर्ने रु...

१४६४०००/-

| सि.न. | बिद्यालयको नाम | रकम |
|---|---|---|
| क | भुबनेश्वर मा.बि. गोयलि | ३६६००० |
| ख | भुवनेश्वर मा.बि. पत्थरकोट | ३६६००० |
| ग | उदयदेव मा.वि.पालिगडा | ३६६००० |
| घ | कैपाल मा.वि. झाङ्बो | ३६६००० |

| | | | | |
|---|---|---|---|---|
| | जम्मा | १४६४००० | | |
| ३६. | (घ) भौचर नं ७।२०७६।३।३१ बाट राष्ट्रिय मा. बि डबरालिको बैंक खातामा रु.१६००००० निकासा गरी च.न ५०४ मिति २०७६।३।३१ को पत्रबाट सो रकम रोक्का राखेको पाईयो । अतः निर्माण नगर्ने बिद्यालयलाई निकासा दिनु र उक्त रकम समेत रोक्का राख्नुको कारण स्पस्ट नभएकोले छानबिन गरी उक्त रकम फिर्ता प्राप्त गर्नुपर्ने रु ........ | | | १६००००/- |
| ३७. | **सबैका लागि शिक्षा :** बिद्यालय शिक्षक किताबखाना बाट बार्षिक तलबि प्रतिबेदन पारित गराएर मात्र शिक्षकहरुको तलब भत्ता खर्च लेख्नुपर्नेमा तलबि प्रतिबेदन पारित गराएको पाईएन । अतः तलबि प्रतिबेदन पारित गराएर मात्र तलब भता खर्च लेख्ने तर्फ ध्यानआकर्षण हुनुपर्ने देखियो । विद्यालयगत शिक्षकको दरबन्दी,कार्यरत र यस बर्ष नियुक्ती लिएका,अवकाश,सरुवा,राजीनामा दिएकाको अद्यावद्यिक विवरण,पारित तलवी प्रतिवेदन पेश नगरेकाले शिक्षकको तलव भत्ता लगायत अन्य सुविधावापत खर्चको यकिन गर्ने स्थिती छैन । शंकर संस्कृत उ.मा.बि.का मा .बि.तृतिय शिक्षक जनकराज भट्ट २०७५।१२।२७ देखि अबकाश भएकोमा बैशाखसम्मकै तलब भत्ता रु.७२९६७०० बिद्यालयको खातामा निकासा भएकोले २०७५।१२।२६ गते सम्मको रु.२८१६६।६६ र पोशाक भत्ता रु.१०००० समेत कुल रु.३८१६६।६६ बाहेक बांकि रु.३४८००।३४ असुलउपर गर्नुपर्ने रु.............................. | | | ३४८००।३४ |
| ३८. | **एकिकृत स्वास्थ्य कार्यक्रम :** निम्नानुसारका स्वास्थ्य संस्थालाई भ्याक्सिन ढुवानी गरेको भनी ढुवानी भाडा खर्च लेखेको छ । भ्याक्सिन ढुवानी बापत सबै स्वास्थ्य संस्थाका भ्याक्सिन लिन आउने कर्मचारीलाई नियमित रुपमा जिल्ला स्वास्थ्य कार्यालयबाट भाडा बापतको रकम भुक्तानी भईरहेको अवस्थामा गाउँपालिका बाट पनि भ्याक्सिन ढुवानी भाडा खर्च लेखेकोले जिल्ला स्वास्थ्यबाट कुन कुन मितिमा कति भ्याक्सिन गाउंपालिका लाई प्राप्त भएको हो सोको प्रमाण पेश हुनुपर्दछ । | | | |

| भौचर नं र मिति | ढुवानि खर्च |
|---|---|
| ३।२०७५।७।२७ | २३००० |
| ४।२०७५।७।२८ | १२००० |
| ५।२०७५।७।२८ | ७२६० |
| ३१।२०७६।३।२७ | १७७४० |
| जम्मा | ६०००० |

**(क) न्यानो झोला :** भौचर नम्बर ६।२०७५।७।२८ गते बाट न्यानो झोला २०० थान खरिद गरी डि बि मेडिसिन सेन्टर धनगढिलाई रु १७९८९६ भुक्तानी गरेको छ । यस प्रकारका न्यानो झोला जिल्ला स्वास्थ्य कार्यालयबाट सम्बन्धित स्वास्थ्य संस्थालाई उपलब्ध गराउने हुँदा एउटै कार्यक्रममा दोहोरो खर्च हुन जाने हुंदा यस सम्बन्धमा जिल्ला स्वास्थ्य कार्यालयबाट प्राप्त भएका औषधि, उपकरण, भ्याक्सिन, न्यानो झोला र गाउंपालिका तथा अन्य संस्थाबाट प्राप्त भएको समेत समाबेश गरी सम्बन्धित स्वास्थ्य संस्थाबाट प्रमाणित बिबरण पेश हुनुपर्दछ । अत : बर्थिङ्ग सेन्टरबाट बितरण भएका र जिल्ला स्वास्थ्य कार्यालयबाट हस्तान्तरण भई आएका समेत सबै न्यानो झोलाका आम्दानी खर्च र बांकिको प्रमाण पेस हुनुपर्ने रु.... १७९८९६/-

(ख) पोशाक : भौचर नम्बर ८।२०७५।९।१६ बाट महिला स्वास्थ्य स्वयंसेबिकाको पोषाक भत्ता बापतको रकम ६ वटा स्वास्थ्य संस्थाको बैंक खातामा दाखिला गरेकोमा उक्त ६६ जना महिला स्वास्थ्य स्वयंसेबिकालाई भत्ता बुझाएको प्रमाण पेश हुनुपर्ने रु.......... ४९५०००/-

| | | |
|---|---|---|
| ३९. | **बिपद ब्यबस्थापन :** यस आर्थिक बर्षमा रु.१०९००००।०० आर्थिक सहायता बितरण गरेकोमा केहि ब्यक्तिलाई आगलागि, बाढी, पहिरोले क्षति पुऱ्याएको बाहेक अधिकांशलाई सामान्य निबेदनका भरमा प्रति ब्यक्ति रु.५०००।०० का दरले बितरण गरेको छ भने कतिपय सामान्य क्षति भएका बिद्यालयलाई समेत दिइएको पाईयो । अतः बिपद् ब्यबस्थापनको लागि तथ्यपरक प्रमाणका आधारमा आबश्यकता अनुसार आार्थिक सहयोग गर्नुपर्दछ । दामासाहिले बितरण गर्ने उदेश्यले गरेको आर्थिक साहायताको सहि सदुपयोग हुनेमा आश्वस्त हुन नसकिने भएकोले यसतर्फ ध्यानाकर्षण हुन जरुरी छ । आर्थिक सहायताका केहि उदाहरण निम्न छन् । | |

| भौ नं । मिति | संङख्या | रकम दर | जम्मा रकम |
|---|---|---|---|
| ६।२०७५।१२।१४ | २७ | ५०००।०० | १३५०००।०० |
| १३।२०७६।२।२९ | १९ | ५०००।०० | ९५०००।०० |
| १७।२०७६।३।३ | १२ | ५०००।०० | ६००००।०० |

| | | |
|---|---|---|
| ४०. | **कन्टिन्जेन्सी :** सार्बजनिक खरीद नियमावली २०६४ को नियम १० को अनुसुचि १ बमोजिम लागत अनुमानमा ५ प्रतिशत कन्टिन्जेन्सी राखी २.५ प्रतिशत वर्क चार्ट स्टाफ खर्च र २.५ प्रतिशत सानातिना अन्य खर्च लेख्न मिल्ने उल्लेख छ । यस बर्ष रु.२६९५८२०।०० कन्टिनजेन्सी खर्च भएकोमा योजनागत कन्टिनजेन्सी रकम छुट्टिने गरी खर्च खाता नराखेको , कन्टिन्जेन्सी खर्चको लागि कार्यबिधि नबनाएको, कार्यक्रम तयार गरी स्विकृत नगरेको हँदा कुल योजनाको कति खर्च भई कति बाँकी छ एकिन गर्न नसकेकोले कन्टिन्जेन्सी खर्च सहि र यथार्थ छ भन्न सकिएन । तसर्थ कन्टिन्जेन्सी खर्च गर्ने कार्यबिधि बनाई स्विकृत कार्यक्रम बमोजिम खर्च गर्ने तर्फ ध्यान दिन पर्ने देखिन्छ ।<br><br>(क) कन्टिन्जेन्सी सँग असम्बन्धित शिर्षकमा स्विकृत कार्यक्रम बेगर भएका खर्चका केहि उदाहरणहरु यसप्रकार छन ।<br><br>(**क**) अस्थायी प्रहरी पोष्ट मर्मत निर्माण आदि खर्च (३ पटक)...रु.२७८२१५/-<br><br>(**ख**) भ्रमणको उदेश्य स्पष्ट नराखि योजना नाप जाँच भनी योजनाका नाम उल्लेखित नगरी प्रतिबेदन नलिई भ्रमण खर्च भएको ।<br><br>**(ग)** उपभोक्ता समितिको तालिम खर्च ।<br><br>**(घ)**च्याउ उत्पादन अनुदान । | |
| ४१. | **पदाधिकारी तथा सदस्यको सुविधा :** नेपालको संबिधान २०७२ को धारा २२७ मा गाँउ सभा सदस्यले पाउने सुविधा प्रदेश कानुन बमोजिम हुने उल्लेख छ । सुदुर पश्चिम प्रदेशले स्थानिय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन २०७५ को दफा ३ अनुसार पद तथा गोपनियताको सपथ लिइ आफ्नो पदको काम कारबाहि सुरु गरेको मिति देखि स्थानिय तहको आन्तरीक स्रोतका आधारमा मासिक पारिश्रमिक सुबिधा पाउने ब्यवस्था गरे बमोजिम यस वर्ष ४४ पदाधिकारलाई गाउँपालिकाले अध्यक्ष/उपाध्यक्ष र सदस्यको पारिश्रमिक (२०७५ श्रावण देखि २०७६आषाढ सम्मको ) रु. ९६७२०००।०० खर्च लेखेको देखियो । यस सम्बन्धमा देखिएका थप ब्यहोरा निम्नबमोजिम छन :<br><br>क)उक्त ऐनमा सवारी साधन उपलब्ध नभएका उपाध्यक्ष, वडा अध्यक्ष वा स्थानिय तहको केन्द्र रहेको स्थानमा बैठकमा भाग लिन आउदा र जाँदा ५ कि.मि.भन्दा बढी हिड्नु पर्ने भएमा स्थानिय सार्वजानिक यातायात सुविधा भएकोमा सो यातायातमा लाग्ने खर्च पाउने ब्यबस्था छ । ऐनमा उल्लेखित ब्यबस्था भएपनि कार्यालयले प्रतिदिन रु. १००० मा १५ प्रतिशत अग्रिम कर कट्टा गरी रु. ८५०।०० का दरले यो वर्ष कर्मचारी | |

<table>
<tr><td></td><td>र पदाधिकारीलाई ऐन विपरीत रु. ७८७७८५।०० अनुगमन खर्च लेखेको देखिएको रु .........<br><br>ख)उक्त ऐनको दफा ६ मा पदाधिकारी तथा सदस्यले कार्यालयको कामको सिलसिलामा नेपाल भित्र वा वाहिर भ्रमण गर्दा स्थानिय तहको आन्तरीक स्रोत समेतको आधारमा अध्यक्षको प्रतिदिन रु. १६००।००, उपाध्यक्षको रु. १५००।०० ,वडा अध्यक्ष लगायत सदस्यले प्रतिदिन रु. १४००।०० दैनिक भ्रमण भत्ता र विल बमोजिमको यातायात खर्च पाउने ब्यबस्था छ । यस ब्यबस्था बमोजिम यस पालिकाले रु. १६५३६८१।०० यातायात खर्च र दैनिक भत्ता खर्च लेखेको छ । स्विकृत भ्रमण आदेशमा भ्रमणको उदेश्यमा सरकारी काम उल्लेख गर्ने गरेको र अधिकांश भ्रमण आदेशमा भ्रमणको स्थान बैतडि सदरमुकाम र भ्रमण गर्नूका उदेश्य गोष्टीमा भाग लिन मात्रै उल्लेख गरेको छ । गोष्ठीमा आमन्त्रण गरेको पत्र, सरकारी कामको विबरण खुलासा गर्ने गरेको देखिएन । यस तर्फ ध्यान दिई खर्च नियन्त्रण गर्नुपर्छ ।</td><td>७८७७८५/-</td></tr>
<tr><td>४२.</td><td>सार्वजानिक खरीद नियमावलि २०६४ को नियम १२३ मा प्राबिधिक नापजाँच गरी नापी किताबमा उल्लेखित वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी दिने व्यवस्था छ ।बचपानी मल्लडर सिगास हुदै वडा कार्यालय सडक सुधार र ट्याक खोल्ने कार्यको चेनेज ०+०० देखि ०+१३०० सम्म रु ३० लाख गाउँपालिका बाट ब्यहोर्ने गरी उपभोक्ता समिति लाइ भुक्तानी भएकोमा ०+०२० देखि ५+४८० सम्म वोलपत्र माग गरी निर्माण व्यवसायी इन्द्र धनु निर्माण सेवालाई मू .अ .कर सहित रु ५३८०३३२।०० भुक्तानी गरेको देखियो । उपभोक्ता समिति र निर्माण ब्यबसायीलाई एउटै चेनेजमा निर्माण कार्यमा सरिक गराई खर्च लेखेकोमा एउटै कामको दोहोरो खर्च लेखेको यकिन हुन सकिएन । यसर्थ यस सम्बन्धमा स्पष्ट आधार पेश हुनुपर्ने रु....</td><td>५३८०३३२/-</td></tr>
<tr><td>४२.१</td><td>१४५।०७५।३।१३ आयकर ऐन २०५८ मा बहाल रकममा १० प्रतिशत अग्रिम कर कटटा गर्ने व्यवस्था छ ।बचपानी भल्लाडोर सीगास आ. वि. हुदै वडा कार्यालय सडकमा उपभोक्ता समितिका अध्यक्ष जित शिहं महरा समेत सम्मिलित सार्वजानिक सुनुवाइमा ब्रेकर र बकेट ३८० घण्टा प्रयोग भई रु.३० लाख खर्च भएको र जनश्रमदान खर्च रु ४६३८०८/- पुगेको उल्लेख भएकोमा नापी किताबअनुसार रु. ३३,९७,८५७/- को कार्य सम्पादन भएको उल्लेख भएको छ । उपभोक्ता समितिले दुनिर खपट कन्ट्रक्सनको रु. ९३९०००/- को विल पेश गरेकाले रु ९३९०००/- (१०प्रतिशत बहालकर कट्टा गरीएको) छ । सार्वजानिक सुनुवाइमा उल्लेखित मेसिनलाइ भुक्तानी गरेको रकमको तुलनामा रु २०,६१,०००/- कम रकम देखाइ बहाल कर कट्टा भएकोले रु २०६१००/-बहालकर असुल गर्नुपर्ने रु...............................................</td><td>२०६१००/-</td></tr>
<tr><td>४३.</td><td>बिशेष अनुदान (संघिय):–उपरोक्त शीर्षकमा रु ७०९०१७७/- खर्च भएको छ ।सार्बजनिक खरिद नियमावली २०६४ को नियम ९९ मा गैर सरकारी संस्थाबाट काम गराउने सम्बन्धी ब्यबस्था छ । गाउँपालिकाले देहायका लागत अनुमान भएका कार्यक्रम गैरसरकारी संस्था मार्फत सञ्चालन गर्न सम्फौता गरी भुक्तानि गरेको देखियो । उक्त कार्यक्रमहरुका धेरैजसो क्रियाकलाप गाउँपालिका आफैले सञ्चालन गर्न सक्ने र त्यसको लागि बिशेष सीप/दक्षता आवश्यक नपर्ने,बार्षिक कार्यक्रमसँगै मिल्दोजुल्दो भएको स्थिति देखिएतापनि गैरसरकारी संस्थालाई नियुक्त गरी खर्च लेखेको मनासिब देखिएन ।<br><br>यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन:<br><br>क)बाल बिकास कार्यक्रम :उक्त कार्यक्रम सञ्चालनका लागि सामाजिक बिकास तथा सचेतना समाज संग देहायका क्रियाकलाप सञ्चालन गर्नका लागि रु. ७१,०८,९२०/- को सम्फौता (२०७६।३।१२) गते भएकोमा संस्थालाई रु. ७०,९९,१७७/- भुक्तानी भएको छ ।<br><br><table><tr><td>क्रियाकलाप</td><td>दिन</td><td>सहभागी सङ्ख्यां</td></tr><tr><td>बाल बिकास केन्द्रमा शिसु सहजकर्ताका लागि आधारभुत तालिम</td><td>५ दिने</td><td>२७</td></tr></table></td><td></td></tr>
</table>

| | | |
|---|---|---|
| बाल बिकास केन्द्र ब्यबस्थापनका लागि सामाग्री हस्तान्तरण | | २६ वटा |
| प्रारम्भिक बाल हेरचाह तथा व्यबस्थापन समितिको अभिमुखकरण कार्यक्रम | ३ दिने | |
| बाल बिकास सम्बन्धी गाउपालिकाका कार्यपालिका सदस्यलाई अभिमुखिकरण कार्यक्रम | १ दिने | |
| बाल उद्यान निर्माण | | ३ वटा |

यस सम्बन्धमा देखिएका ब्यहोरा निम्न छन्:

(१) २६ वटा बाल बिकास केन्द्र निर्माणका लागि २६ प्रकारको सामाग्री बितरण गरी बाल बिकास केन्द्र ब्यबस्थित गर्न न्यु शिक्षा स्टेशनरी सप्लायर्सको बिजकबाट रु. ३७७५४१७/- को किट बक्स सेट, कार्पेट १४ मी.,प्रिफम, बुक, बुक स्टेण्ड कर्नर, राउण्ड टेबल कुर्सी सहित, कलर ट्रे, दैनिक कार्य योजना, पेन्टिङ्ग टेबुल, काठको र्‍याक, आउटडोर सामाग्री, प्लाष्टीक ग्लास, ब्रस, फिल्टर, (sand pit box),(chalni mana), भित्ते घडि, शैक्षिक सामाग्रीको खरिद बिजक पेश गरेकोमा देहायका २५ वटा बिद्यालयमा वितरण गरेको प्रगति बिबरणमा उल्लेख गरेको छ। उक्त बिद्यालयको दाखिला प्रतिबेदन पेश भएन। बाल बिकास केन्द्रमा अध्ययनरत बिद्यार्थीको बिबरण अनुसार ६ वटा बिद्यालयमा शुन्य र एक बिद्यालयमा एक बिद्यार्थी देखिएकाले शुन्य र एक बिद्यार्थी भएको बिद्यालयमा बितरण गर्नुको औचित्य स्पस्ट भएन। यसर्थ छानबिन गरी नियमित हुनुपर्ने रु.................................. ३७,७५,४१७/-

| क्रस | बिद्यालयको नाम | बिद्यार्थी संङ्ख्या |
|---|---|---|
| १ | बिबेश्वर आधारभुत बिद्यालय | |
| २ | भुमेश्वर मा. बि . | ० |
| ३ | उदयदेब मा. बि. | १ |
| ४ | कमलेश्वर चन्द्र मा. बि. | ० |
| ५ | कैलपाल मा. बि. | |
| ६ | भुमिराज आधारभुत बिद्यालय | |
| ७ | कैलपाल मौलिग आधारभुत बिद्यालय | ० |
| ८ | सिगास मा.बि मुसे | ० |
| ९ | अनिरुद्र बाल कल्याण आ. बि | |
| १० | ने. रा मा. बि. | |
| ११ | रौलेश्वर मा. बि. | |
| १२ | सिद्यनाथ आधारभुत बिद्यालय | |
| १३ | उच्चाकोट मा. बि. गुर्काती | |
| १४ | बासुदेब आधारभुत बिद्यालय तडिगाउं | |
| १५ | केदार आधारभुत बिद्यालय | ० |
| १६ | शंकर सस्कृति मा. बि. मुल खरानि | |

| | | |
|---|---|---|
| १७ | पाताल भुमेश्वर आ. बि. | |
| १८ | डाडबाग आधारभुत बिद्यालय | |
| १९ | गलिनाथ आधारभुत बिद्यालय | |
| २० | भु आधारभुत बिद्यालय ( बालकक्षा सञ्चालन नभएको) | |
| २१ | भुमिराज आधारभुत बिद्यालय | ० |
| २२ | सिद्यनाथ आधारभुत बिद्यालय | |
| २३ | सूर्यप्रकाश आधारभुत बिद्यालय मेलढुङ्गा | |
| २४ | पञ्चदेब आधारभुत बिद्यालय डबरामी | |
| २५ | बासुदेब मा.बि. लिस्किटा | |

२)२६ बिद्यालयमा बितरण र ब्यबस्थापन गरेको प्रगति प्रतिवेदनमा उल्लेख गरे पनि २५ बिद्यालयको नाममा मात्रै प्रगतिमा देखिएकाले एक विद्यालयलाई वितरण गरेको सामाग्री बराबरको रकम असुल हुनुपर्ने रु....................................... १४५२०८/-

३)३ थान फन पार्क (बाल उद्यान) बनाउन रु. १४५५००१/- को न्यु शिक्षा स्टेशनरी सप्लायर्स बाट खरिद गरी भुक्तानी लिएको र उक्त फन पार्कमा चिप्लेटी, रोटेरिङचियर, ढिकी पिङ राखिएको र उक्त उद्यान देहायका बिद्यालयमा निर्माण गरेको उल्लेख गरेकोमा प्राविधिक मूल्यांकन र कार्यसम्पन्न प्रतिबेदन पेश नभएको रु............... १४५५००१/-

| | |
|---|---|
| बासुदेब मा. बि. लिस्किटा | सूर्नया २ |
| सुर्य प्रकाश आ. बिद्यालय | सुर्नया ४ |
| रौलेश्वर मा. बि सुर्नया बरायम | सुर्नया ५ |

४)शैक्षिक सामाग्री छपाई र बितरण कार्यक्रम अन्तरगत आर्दश स्टेशनरी एण्ड सप्लायर्सको रु. ८४२०७६/- को विजक पेश गरी भुक्तानी लिएकोमा देहायका सामाग्री वितरणको भर्पाई,दाखिला प्रतिवेदन,प्राविधिक मूल्यांकन र कार्य सम्पन्न प्रतिबेदन पेश नभएकोले अनियमित रु........... ८४२०७६/-

| कार्यक्रम | परिमाण |
|---|---|
| शैक्षिक तालिम पुस्तिका छपाइ | २६० थान |
| शैक्षिक फ्लेक्स छपाइ | २५० थान |
| बार्षिक कार्ययोजना छपाई | ३९ थान |
| white board | २६ थान |
| hoarding board | ३५० थान |

५)**कर विजक**:मुल्य अभिबृद्धी कर नियमावली २०५३ को नियम ६क वमोजिम सार्वजनिक निकायले खरिद संझौता र मूल्य अभिवृद्धिकर भूक्तानीको जानकारी सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा पठाउनु पर्ने व्यवस्था छ । उक्त संस्था (३०१७८१६५३) २०७१।५।१५ मा मु.अ.करमा दर्ता भएपनि मु.अ.कर विजक वेगर रु.७०,९९,१७७/- को कारोबार गरेको देखिएकोले १३ प्रतिशत मु.अ.कर रु ८,१६,७१९/- समायोजन भएको प्रमाण पेश गर्ने अन्यथा असुल गर्नूपर्ने रु ..................... ८१६७१९/-

| | | |
|---|---|---|
| | **ख)कृषि पकेट कार्यक्रमः** उक्त कार्यक्रम संञ्चालन गर्न सारथी सामुदायिक केन्द्र संग (६०८०४४५३०)मिति ०७६।३।१२ मा रु ४९,२३,४१०/- को सम्झौता भएको छ । उक्त संस्थालाई सुर्नया गाँउपालिका वार्ड न.४,५र ६ मा १६ पोली हाउसको स्थापना गरी तरकारी उत्पादन र वजारीकरण गर्ने , १७ थान मिनि टेलर (हाते ट्याक्टर) कृषक समुहमा वितरण गर्ने , विउ विजक खरिद गरी वितरण गर्ने क्रियाकलापको लागी  रु ४९,९८,९३८/- भुक्तानी भएको छ ।,यस सम्बन्धमा देखिएका व्यहोरा निम्ननुसारका छन्:<br>(१) केन्द्रले १७ थान पोलिहाउस ट्रस १६ सेट रु.१२,५७,६००/- जे. के. ट्रेड एण्ड सप्लार्यसबाट १८,७०,०००/- को १७ थान हाते ट्याक्टर, किसान एग्रोभेट सेन्टर बाट ३०० थान कर्न सेलर , प्लास्टिक स्पेयर ९० थान , १६ पिस पोलिहाउस प्लाष्टिक, टमाटर काउली,वन्दा को १८० पाकेटका दरले ५४० पकेट विउ , प्लाष्टिक हजारी ९० थान रु ६,७२,९००/- खरिद गरी सामाग्रीहरु वडा न. ६ का अध्यक्ष जय बहादुर कुवर, वडा नम्बर ४ का दिनेश प्रसाद भट्ट र वडा नम्बर ५ का अध्यक्ष केशवसिंह मडैले गाँउपालिका अध्यक्षको रोहवरमा सामाग्री बुझेको भरपाईको आधारमा भुक्तानी गरेको देखिन्छ । लक्षित बर्गले वुझेको भरपाई नभएकोले कार्यक्रमबाट अपेक्षित परिणाम हासिल गरेको यकिन हुन सकेन । पोली हाउस,टमाटर विउविजन गतवर्ष पनि सोही वडामा बितरण गरेकोमा यस वर्ष पनि सोहि स्थानमा सञ्चालन गरेको छ ।  यसर्थ कृषक समुहलाई वितरण गरी पोलि हाउस स्थापना भएको कार्य सम्पन्न भएको प्रमाण पेश नभएकाले अनियमित देखिएको रु............................................ | ३८१९५००/- |
| | २)प्लाष्टिक कुर्चि ३० पिस रु.१९५००/-, सोफासेट १ पिस १९,५००/-, कार्पेट १८,९००/- , दराज १९,०००/- प्रिन्टर १९,२००/-, फोटोकपी मेशिन १९,२००/-,ल्यापटप ५१,५००/-,स्क्यानिङ मेशिन १८,५००/- को विजक पेश गरी भुक्तानी लिएकोमा सम्झौतामा भुक्तानी गर्ने व्यवस्था छैन ।यसर्थ भुक्तनी लिएको आधार पेश हुनुपर्ने  रु........................................ | १८५३००/- |
| | ३)कर विजक:मुल्य अभिबृद्धी कर नियमावली २०५३ को नियम ६क वमोजिम सार्वजनिक निकायले खरिद संझौता र मूल्य अभिवृद्धि कर भूक्तानीको जानकारी सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा पठाउनु पर्ने व्यवस्था छ ।उक्त संस्था मु.अ.करमा दर्ता भएपनि मु.अ.कर विजक वेगर रु ४९,९८,९६८/- भुक्तानी लिएकोले १३ प्रतिशत मु.अ.कर रु ५,७७,०९९/- समायोजन भएको प्रमाण पेश गर्ने अन्यथा असुल गर्नूपर्ने रु.................................... | ५७७०९९/- |
| ४४. | खरिद सम्झौतानुसार भुक्तानी हुनुपर्दछ । बचपानी वडा कार्यालय सैला हुदै झाड्बो सडक निर्माण व्यवसायी इन्द्रधनु निर्माण सेवालाइ  वीमा शिर्षकमा रु.८०२३०/- समावेश गरि रु. ५३८०३३२/- भुक्तानी गरेकोमा बिमाको विल भरपाइ निर्माण ब्यबसायीको रनिङ विल संग संलग्न नभएकोले असुल हुनुपर्ने रु. .... | ८०२३०/- |
| ४५. | सार्वजानिक खरिद नियमावली २०६४ को नियम १२४ मा त्रुटि सच्याउने अवधिभित्र सम्बन्धीत निर्माण ब्याबसायीले त्रुटि नसच्याएमा सार्वजानिक निकायले रिटेन्सनमनि  वा जमानत वापतको रकम प्रयोग गरी त्रुटि सच्याउन सक्ने ब्यबस्था छ । यस वर्ष निर्माण सम्पन्न भई अन्तिम भुक्तानी दिएको देहायका निर्माण ब्यबसायीले सडकको ट्र्याक खोल्ने, स्तर सुधार गर्ने कार्य सम्पन्न भएतापनि सवारी आवागमन सुचारु भएको देखिदैन तर अनुगमन प्रतिबेदनमा  सडकको अवस्थाको बारेमा यथार्थ विवरण उल्लेख भएको छैन । निजको रिटेन्सन मनि वा जमानत वापतको रकम वा प्रयोग गरी त्रुटि सच्याउने र सोही सडकमा गाउँपालिकाले उक्त कार्यको लागि थप बजेट विनियोजित गरी ब्ययभार नहुने किसिमको कार्यप्रणालीको ब्यबस्था गर्नुपर्दछ । | |

| सडक आयोजना | भुक्तानी रकम | नि.व्यवसायी |
|---|---|---|
| वचपानि वडा कार्यालय सेला हुदै झाड्वो सडक निर्माण | ५३८०३३२ | इन्द्र धनु निर्माण सेवा |

| | | |
|---|---|---|
| सिउडे विगुल वागथला सडक | ५६५९२१३ | कमला निर्माण सेवा |
| सिउडे वाटर लिफ्टिङ आयोजना | ६७९००२१ | दिपक बिशाल निर्माण सेवा |
| खलेक देखि सन्सेरीमाड सडक निर्माण | ५३६९९७३ | अखिल निर्माण सेवा |
| सढक मर्मत सुधार, सतबाँफ | ८०४७८४ | हटैराज कन्ट्रक्शन |

४६. मूल्य अभिबृद्धि कर ऐन २०५२ को दफा १४ मा तोकिएको ढाँचामा कर बिजक जारी गर्नु पर्ने व्यवस्था छ । सिउडे विजुल वगथला सडक निर्माण व्यवसायी कमला निर्माण सेवालाई (३०२६७४३६६) लाई रु. ५६५९२१३/- भुक्तानी भएकोमा हस्तलिखित विजक (००३) पेश गरी भुक्तानी लिएकोले मुल्य अभिबृद्धि कर रु ६५१०५९/-समायोजन भएको प्रमाण पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु .

६५१०५९/-

४७. **विशेष अनुदान :**

खरिद सम्फौता अनुसार भुक्तानी हुनुपर्दछ। सिउडे वाटर लिफ्टिङ आयोजनामा निर्माण व्यबसायी दिपक बिशाल निर्माण सेवालाई बिमा शिर्षकमा रु.६७८०० /-समावेश गरि रु. ६७५१४७६/- भुक्तानी भएकोमा बिमाको विल भरपाई समावेश नभएकाले असुल गर्नुपर्ने रु ..........

६७८००/-

४८. **रकमान्तर** :यस बर्ष गाउपालिकाले वित्तिय समानिकरण चालु तर्फ रु ६९८६४१७५/- र बित्तीय समानिकरण पुजिगत तर्फ रु ८४०१३११८/- गरी १५३८७७२९३/- बजेट विनीयोजन गरेकोमा बित्तीय समानिकरण पुजिँगत तर्फ ५६.७६ प्रतिशत खर्च भएको देखिएको छ । स्थानिय सरकार संचालन ऐन २०७४ को दफा ७९ मा स्थानिय तहले स्वीकृत बजेटको अधिनमा रही कुनै शिर्षकबाट पुँजीगत शिर्षकमा २५ प्रतिशतमा नवढाइ रकमान्तर गर्न सक्ने ब्यबस्था छ । गाउँसभाले शिर्षकगतरुपमा बजेट र कार्यक्रम नखुलाइ पारित गरेकाले पुँजीगत शिर्षकमा २५ प्रतिशतमा नवढाइ रकमान्तर भएको सुनिश्चित गर्न सक्ने स्थिति रहेन ।

४९. सार्वजानिक खरीद नियमावलि २०६४ को नियम ९७ मा एक करोड रुपैया सम्म लागत अनुमान भएको निर्माण कार्य वा सो सम्बन्धी सेवा सोहि स्थानमा बसोवास गर्ने वासिन्दाबाट गराउनसक्ने व्यवस्था छ । तर खरीद कार्य गरी वितरण गर्ने प्रयोजनका लागि समेत उपभोक्ता समिति गठन गरी कार्य भएको अनियमित देखिएको रु......................

२२३९९२७/-

| आयोजना | वडा नं: | रकम |
|---|---|---|
| पाइप खरिद | १ | ३००००० |
| पाइप खरिद | ३ | १००००० |
| पाइप खरिद | ६ | ३००००० |
| बाखा खरिद | ५ | ४००००० |
| पाइप खरिद | २ | १५०००० |
| पाइप खरिद | ४ | २७०००० |
| पाइप खरिद | ७ | ७०००० |
| पाइप खरिद | ७ | ५०००० |
| पाइप खरिद | ५ | ५००००० |
| पाइप खरिद | ३ | ९९९२७ |

| | | | | | |
|---|---|---|---|---|---|
| | जम्मा | | २२३९९२७/- | | |
| ५०. | सार्बजनिक खरिद नियमावलि २०६४ को नियम ८५ मा ५ लाख रुपैंया सम्म लागत अनुमान भएको निर्माण कार्य, मालसामान वा परामर्श सेबा सोझै खरीद गर्न सकिने ब्यबस्था छ । पालिकाले देहाएका शीर्षकहरुमा बिनियोजित रकमबाट उल्लेखित तोकिएको सिमा नघाई सोझै खरीद कार्य गरेको देखियो । नियमावलिको परीपालना गरेर खरीद कारबाही हुनुपर्दछ । | | | | |

| | |
|---|---|
| कार्यालय सम्बन्धि खर्च | २८४३४८० |
| पुस्तक तथा सामाग्री खर्च | ६३२५४१ |
| गुरुयोजना निर्माण | १000000 |
| डि पि आर निर्माण | २000000 |
| गाडि भाडा ढुवानि | २000000 |
| पत्रपत्रिका सुचना प्रसारण | २४४५८९३ |
| भवन निर्माण आचारसंहिता कार्यबिधि निर्धारण | १000000 |

५१. आर्थिक कार्यविधि नियमावलि २०६४ को नियम ३६ मा बजेटको सिमाभित्र रही खर्चको विल भर्पाइ सहित निर्धारित कार्यमा खर्च गर्नुपर्ने ब्यबस्था छ। गाउँपालिकाले देहायका शिर्षकमा विनियोजित रकम देहाय अनुसार खर्च गरेकाले नियन्त्रण गर्नुपर्ने देखियो ।

| खर्चको बिबरण | खर्च रकम |
|---|---|
| बिबिध खर्च | ३०८४११८ |
| ईन्धन | ८७३५७१ |
| पत्रपत्रिका सुचना प्रसारण | २४४५८९३ |
| मर्मत सम्भार खर्च | ८७१४५४ |

उपरोक्त सम्बन्धमा देखिएका व्यहोरा निम्न छन:

(१) मु.अ. करमा दर्ता नभएका बिभिन्न होटलको खाजा खर्चको बिलको आधारमा वडामा १५५९११८/- र गाउंपालिका कार्यालयमा रु १५२७000/- खर्च गरेकोमा बैठकको माईन्युट, बैठक बसेको दिन, संख्या नखुलेको ।

(२) पटके सम्झौता गरी गाउंपालिका अध्यक्ष लगायत बिभिन्न पदाधिकारी र कर्मचारीले गाडि भाडामा लिई भुक्तानी गरेको प्रयोजन स्पस्ट नखुलेको र १ स्कुटि ,१ जिप सबारी साधन गाउँपालिकामा रहेकोमा गाडी भाडामा पटके रुपमा लिएको औचित्यपुष्टि हुनु पर्दछ ।

(३) भाडाका गाडिमा ईन्धन खर्च लेख्ने गरेको । गाउंपालिकाको कार्यालयमा ५ लाख र वडास्तरमा रु ३७३५७१/- खर्च भएकोमा लगबुक नराखिएको ।

(४) पदाधिकारी र गाउंपालिका अध्यक्ष ,उपाध्यक्ष को सुभकामना सन्देस छपाई गरेको उल्लेख गरी भुक्तानि दिने गरेको, बिज्ञापन र सुचना प्रसारणको हकमा एकरुपता नरहेको । स्पस्ट मापदण्ड नतोकेको ।

(५) मर्मत सम्भार खर्च वडा कार्यालयमा रु. ५७१९५४/- र गाउंपालिका कार्यालयमा रु. ८७१९५४/- देखिएकोमा मर्मत अभिलेख फारम (म ले प फा नं २) नराखेको ।

५२. आर्थिक सहायता: यस वर्ष गाउँपालिकाले कार्यविधि स्वीकृती नगराई रु. १०९००००/- आर्थिक सहायता वितरण गरेको छ। यस्तो खर्च स्पष्ट मापदण्ड बनाई नियन्त्रण गर्नुपर्दछ।

५३. **सामाजिक सुरक्षा भत्ता:** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६ (३) बमोजिम खर्च लेख्दा खर्चका विल भर्पाई सहित लेखा राख्नु पर्ने व्यवस्था छ । कार्यालयले यस वर्ष गाउँकार्यपालिकाका सचिवहरुलाई प्रथम, दोश्रो र तेश्रो सामाजिक सुरक्षा भत्ता पेश्की दिएकोमा देहायका व्यहोरा देखिएका छन् ।

१)सामाजिक सुरक्षा वितरणको भर्पाई भिडान गर्दा निम्नानुसारका व्यक्तिहरुको दोहोरो भता भुक्तानी भएको देखिएकोले दोहोरो भुक्तानी भएको रकम असूल गर्नुपर्ने रु. .......... २४०००/-

| सि नं | नामथर | किसिम | वडा नं | नागरिकता प्र.प.नं. | रकम रु |
|---|---|---|---|---|---|
| १. | मानमति चन्द | जेष्ठ नागरिक | १ | १४१३ | ८००० |
| २. | मोसी भट्ट | जेष्ठ नागरिक | ३ | ७३३०४९/८७ | ८००० |
| ३. | देवादेही भट्ट | जेष्ठ नागरिक | ४ | १३३४ | ८००० |

२)सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०७२ को दफा २२ बमोजिम र बजेट वक्तव्य अनुसार सामाजिक सुरक्षा भत्ता रकम गाउँपालिकामा बैंकिङ्ग सुविधा भए बैंक मार्फत भत्ता वितरण गरिने व्यवस्था मिलाउने उल्लेख छ । यस वर्ष गाउँपालिकाले सामाजिक सुरक्षा भत्ता सम्बन्धित वडाका सचिवलाई पेश्की दिदैं भरपाईका आधारमा नगद वितरण गरेको देखिएकोले वितरण प्रणाली भरपर्दो र विश्वसनिय बनाउन बैंकिङ्ग प्रणाली भएका क्षेत्रमा बैंक मार्फत वितरण गर्नुपर्दछ ।

३)सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यबिधि, २०७२ को दफा ९ अनुसार गाँउपालिकाले भत्ता पाउने लाभग्राहीहरुको फोटो सहित अनुसूचि ५ बमोजिमको मूल अभिलेख अध्याबधिक गरी राख्नु पर्ने व्यवस्था छ । सामाजिक सुरक्षा पाउने व्यक्तिको नामनामेसी, नागरिकता नं., परिचय पत्र नं., फोटो आदि विवरण अद्यावधिक राखि मूल अभिलेख खाता व्यवस्थित गरी सोहि प्रमाणका आधारमा वित्तिय सूचना प्रणाली (MIS) मा डाटा अपलोड गर्दै दोहोरो नपर्ने गरी अभिलेख भिडान हुने गरी राख्नुपर्दछ । तर कार्यालयले मूल अभिलेख खाता वडा कार्यालयमा रहेको जनाई लेखापरीक्षणका लागि पेश नगरेको, अन्य विषयका हकमा उमेर पुरा भएपछि वा भत्ता पाउने भएपछि अभिलेखमा फोटो तथा ल्याप्चे नलगाई सोभै सफ्टवेयर इन्ट्री गरेको, सम्वन्धित वडाबाट नामनामेसी सहित अभिलेख व्यवस्थित गरी सिफारिस सहित कागजात प्राप्त भएपछि MIS मा प्रविष्ट गर्नुपर्नेमा सोभै गर्ने गरेको, अनुसूची ८ मा थप भएका र हराएका व्यक्तिको विवरण भरि प्राप्त नभएको, केही नामनामेसी सफ्टवेयरबाट सोभै हटाउने र थप्ने कार्य भएको, वित्तिय सूचना प्रणालीमा सामान्य कुरा फरक भएमा समेत भिडान भई नामनामेसी प्रविष्ट गरेको, एउटै नागरिकता नं. भएकाको समेत MIS मा प्रविष्ट भएबाट वित्तिय सूचना प्रणाली भरपर्दो र विश्वसनिय नभएकाले सम्बन्धित निकायले सो प्रणालीमा भत्ता पाउनेको नामनामेसी दोहोरो नपर्ने गरी System बाट नियन्त्रण हुने गरी व्यवस्थित गर्नुपर्दछ । कार्यालयले वडा कार्यालय अनुगमन गरी भत्ता पाउने/नपाउने अभिलेख यकिन नगरेको, पञ्जिकरण अभिलेख (जन्म, मृत्यू, बसाई सराई) व्यवस्थित अभिलेख नभएको, मन्त्रालय/पंजिकरण विभागमा अनुसूची ८(क) नपठाएको र अभिलेख समेत पेश नगरेबाट भिडान गर्न सकिएन ।

<table>
<tr><td>५४.</td><td>योजनामा ५ लाखभन्दा कम विनियोजनः स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ मा आर्थिक सामाजिक एवम् पूर्वाधार विकास कार्यक्रम अन्तर्गत विनियोजन भएको रकमवाट गाउँपालिकाले ५ लाख भन्दा कम लागतका कार्यक्रम वा आयोजना छनौट गर्न नुहने व्यवस्था छ । गाउँपालिकाबाट प्राप्त विवरणअनुसार निर्देशिका विपरित विभिन्न योजनाहरुमा रु.५ लाख भन्दा न्यून बजेट बिनियोजन गरी खर्च गरेको छ । यस्ता धेरैजसो वितरण मूखी अनुत्पादक रहेको छ । अतः कार्यविधिले तोके अनुसार पूर्वाधार कार्यक्रममा विनियोजन हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>५५.</td><td>परामर्स सेवाको खर्च : सार्वजनिक खरिद नियमावली २०६४ को नियम ६९ मा सार्वजनिक निकायले परामर्श सेवा खरिद गर्नको लागि कार्य क्षेत्रगत शर्त तयार गर्नुपर्ने व्यवस्था छ । उक्त कार्यक्षेत्रगत शर्तमा परामर्शदाताको मूख्य जनशक्तिको काम,तथा योजना र निजले गर्नुपर्ने कामको लागि लाग्ने अनुमानित समय, सम्झौता बमोजिम कार्य सम्पन्न नभएसम्म सम्भौता बमोजिमको कार्य तालिकामा दोहोरो नपर्ने गरी सोही व्यक्ति अन्य परामर्श सेवा खरिद प्रक्रियामा प्रयोग गर्न नमिल्ने समेत व्यहोरा समावेश गर्नुपर्ने व्यवस्था छ । यस गाउँपालिकामा र अन्य सार्वजनिक निकायमा करार सेवा र स्थायी सेवामा पूर्णकालिन रुपमा मूख्य जनशक्तिको रुपमा परामर्श सेवा उपलब्ध गराएका र तोकिएको योग्यता नभएकाबाट यस वर्ष एकै अवधिमा १५ ग्रामिण सडक आयोजनाको विस्तृत सर्भेको लागि सम्झौता वेगर भुक्तानी दिएको देखिएकोले दोहोरो सुविधा (दैनिक भ्रमण भता समेत) लिएको रकम छानविन गरी असूल गर्नुपर्ने रु .......
<table>
<tr><th>भौ नं मिति</th><th>परामर्शदाता</th><th>भुक्तानी रकम</th><th>कार्य विवरण</th></tr>
<tr><td>२८/०७५/८/१७</td><td>ई पदमराज भट्ट<br>(पाटन नगरपालिका बैतडी)</td><td>१९७८२७</td><td>चार ग्रामिण सडक (६.६१ किमि)को DPR तयार गरेको</td></tr>
<tr><td>२१/०७५/८/१७</td><td>स ई जितेन्द्र धामी<br>(पूर्वाधार कार्यालय)</td><td>३९२०६२</td><td>तीन ग्रामिण सडक (३.१ कि मि) को DPR तयार गरेको</td></tr>
<tr><td>२६४/०७६/३/३०</td><td>ई कपिलदेव भट्ट<br>(सुर्नया गाउँपालिका)</td><td>१४१०१०१</td><td>आठ ग्रामिण सडक (४२.६६ कि मि) को DPR तयार गरेको</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>१९९९९९०</td><td></td></tr>
</table></td><td>१९९९९९०/-</td></tr>
</table>

अनुसूची– १

## स्थानीय तह सञ्चित कोष विवरण
## २०७५।७६

(रु.हजारमा)

| क्र. सं. | जिल्ला | स्थानीय तह | आय | | | | जम्मा आय | व्यय | | | | मौज्दात |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | गत वर्षको जिम्मेवारी | समानीकरण अनुदान | सशर्त तथा अन्य बजेट अनुदान | अन्य आय | | चालु खर्च | पूँजीगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| | | | १ | २ | ३ | ४ | ५ (२+३+४) | ६ | ७ | ८ | ९ (६+७+८) | १० (१+५–९) |
| १ | बैतडी | सुर्नया गाउपालिका | ३५७४४ | ७९६२३ | २५९४४५ | ६८१४ | ३४५८८२ | २१२११३ | १२६७८९ | ३६० | ३३९२६२ | ४२३६४ |

अनुसूची- २

## सुर्नया गाउपालिका
## बेरुजू बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
## २०७५।७६

(रु.हजारमा)

| क्र. सं. | जिल्ला | स्थानीय तह | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाकी बेरुजू | | | वाँकी बेरुजू | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | अशुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेश्की | | |
| | | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजश्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | कर्मचारी | अन्य | जम्मा |
| १ | बैतडी | सुर्नया गाउपालिका | ३८ | २९ | २७६८६ | ० | ० | ० | ३८ | २९ | २७६८६ | १५०९ | ११८२० | १२७४७ | ० | ० | २४५६७ | ० | १६१० | १६१० |

अनुसूची ३

## अद्यावधिक वेरुजू स्थिति
## २०७५।७६

(रु.हजारमा)

| क्र. सं. | जिल्ला | स्थानीय तह | गत बर्ष सम्मको बाकी | यो वर्षको फछ्र्यौट | बांकी | यो वर्ष सम्परीक्षण वाट कायम भएको वेरुजू | यो वर्षको वेरुजू | कुल बाकी वेरुजू |
|---|---|---|---|---|---|---|---|---|
| १ | बैतडी | सुर्नया गाउपालिका | २५१५३ | २१९५ | २२९५८ | ० | २७६८६ | ५०६४४ |